अनुसुची १६
दफा ३१ को उपदफा (२) संग सम्बन्धित

# श्री कनकाई सामुदायिक वन उपभोक्ता समुह
## कनकाई नगरपालिका ३ सुरुङ्गा (झापा)

## जंगली सिसौ/खयर गोलीया र जंगली दाउरा लिलाम विक्रीको विस्तृत सुचना

डिभिजन वन कार्यालय झापाको च. नं. ४९८६ मिति २०८३।०३।३१ को सहमति वमोजिम

प्रथम पटक सुचना प्रकाशन मिति २०८३/०३/३२

श्री कनकाई सामुदायिक वन उपभोक्ता समुह कनकाई न.पा. ३ सुरुङ्गावाट आ.व. २०८२/०८३ को सदुपयोग तर्फ प्राकृतिक प्रकोपका कारण मरेका ढलेका रुख निकाल्ने कार्ययोजना २०८० अनुसार काठ दाउरा संकलन गरी समुहको घाटगद्दीमा राखिएका जंगली सिसौ र खयर जातका गोलिया लकडीहरु र जंगली सिसौं दाउरा तपसिल वमोजिम विवरण अनुसार जे जस्तो अवस्थामा छन आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नुपर्ने भएकाले यो सुचना प्रकासन गरिएको छ। काठ दाउरालाई कच्चा पदार्थका रुपमा प्रयोग गर्ने, कानुन बमोजिम दर्ता भएका वन पैदावारमा आधारित भई डिभिजन वन कार्यालयमा सुचिकृत वा अध्यावधिक भएका फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा शिलवन्दि वोलपत्र दाखिला गर्न आवहान गरिन्छ।

१ लिलाम हुने जंगली सिसौ/खयर गोलीया र जंगली सिसौ दाउराको विवरण

| क्र.सं. | लट नं. | जात | ग्रेड | थान | परिमाण | न्युनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ज. सिसौ | A | २५९ | २०८।५ | ४१७००० | ४१७०० | पायल नं. २७ र ३१ |
| | | | B | | २१३।६१ | ३२०४१५ | ४२७२२ | |
| | | | C | | २४३।५६ | २६७९१६ | ४८७१२ | |
| | | | D | | ९३।७९ | ७९७२१।५ | १८७५८ | |
| | | | जम्मा | | ७५९।४६ | १०८५०५३ | १५१८९२ | |
| २ | २ | ज. सिसौ | A | २१८ | २४७।३१ | ४९४६२० | ४९४६२ | पायल नं. २८ र ३४ |
| | | | B | | २२२।०३ | ३३३०४५ | ४४४०६ | |
| | | | C | | १४९।६ | १६४५६० | २९९२० | |
| | | | D | | ८०।४९ | ६८४१६।५ | १६०९८ | |
| | | | जम्मा | | ६९९।४३ | १०६०६४२ | १३९८८६ | |
| ३ | ३ | ज. सिसौ | A | २८७ | ४३८।८५ | ८७७७०० | ८७७७० | पायल नं. २९ र ३२ |
| | | | B | | २४८।२३ | ३७२३४५ | ४९६४६ | |
| | | | C | | २८९।८२ | ३१८८०२ | ५७९६४ | |
| | | | D | | ९४।९८ | ८०७३३ | १८९९६ | |
| | | | जम्मा | | १०७१।९ | १६४९५८० | २१४३७६ | |
| ४ | ४ | ज. सिसौ | A | ३२१ | २४४।०८ | ४८८१६० | ४८८१६ | पायल नं. ३० र ३३ |
| | | | B | | २०६।०१ | ३०९०१५ | ४१२०२ | |
| | | | C | | २६८।५३ | २९५३८३ | ५३७०६ | |
| | | | D | | १४७।५७ | १२५४३४।५ | २९५१४ | |
| | | | जम्मा | | ८६६।१९ | १२१७९९३ | १७३२३८ | |
| ५ | ५ | खयर | | ६८७ | ८१५।१५ | ९७८१८० | १६३०३० | पायल नं. ४२, ४३ र ४४ |
| ७ | ६ | दाउरा | सिसौ | २०x५x५ | २ चट्टा | ४०००० | ३०००० | ७ र ८ |
| ८ | ७ | दाउरा | सिसौ | २०x५x५ | २ चट्टा | ४०००० | ३०००० | ९ र १० सम्म |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :–
क) वोल पत्र खरिद गर्ने अन्तिम मिति २०८३/०४/१९ गते मंगलवार ४:०० वजे सम्म ख) पेश गर्ने २०८३/०४/२० गते बुधवार, समय अपरान्ह ४:०० वजे सम्म मात्र।

३. वोल पत्र साथ कवुल गरेको रकम को १०% का दरले हुने रकम यस सामुदायिक वनको नेपाल वैंक लीमिटेड सुरुङ्गाको खाता नं. १४७००१००९५१६२७००००००१ मा जम्मा गरेको सक्कल भौचर वा वैंक ग्यारेन्टीको सक्कल प्रती समेत समावेश गरीएको हुनुपर्ने छ।

४. वोलपत्र फारम प्रति रु. १०००।– पछि फिर्ता नहुने गरी यस कनकाई सामुदायिक वन, डिभिजन वन कार्यालय झापा र कनकाई सव डिभिजन वन कार्यालय सुरुङ्गा वाट खरिद र दाखिला गर्न सकिने छ।

५. लिलाम वडावड हुने जंगली सिसौ, खयर गोलिया र दाउरा कार्यालय खुलेको समयमा समुहको घाटगद्दीमा गई हेर्न सकिने छ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली ना.प्र.को प्रतिलिपि, फर्म/कम्पनी सञ्चालन अनुमतिपत्र, कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिवृद्धि कर, कर चुक्ताको प्रतिलिपि सुचिकृत प्रमाण पत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ।

७. निर्धारित समय भित्र न्युनतम संख्याका र रित पुर्वक पर्न आएका वोलपत्रहरु मात्र मिति २०८३/०३/२१ गते विहिवार अपरान्न ३:०० वजे साक्षिका रोहवरमा खोलिने छ। वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा प्रतिनिधि अनुपस्थित भएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।

८. लिलाम स्विकृत भएको जानकारी भएको २५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको समयमा उठाई लैजानु पर्ने छ।

९. वोलपत्र सकार गरेको रकम अङ्क र अक्षरमा प्रस्ट संग लेख्नु पर्ने छ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। वोल पत्र पेश गर्दा छट्टा छुट्टै खाममा पेश गर्नु पर्ने छ। एउटै खाममा प्राप्त वोलपत्र वदर भइ जाने छ।

१०. वोल पत्र सदर वा वदर गर्ने अधिकार समुहमा निहित रहने छ।

मान्ता देवि काफ्ले(खरेल)
**सचिव**
श्री कनकाई सामुदायिक वन उपभोक्ता समूह
कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा

खड्गप्रसाद ओली
**अध्यक्ष**
श्री कनकाई सामुदायिक वन उपभोक्ता समूह
कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा